## सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.

### उत्पादनमा आधारित दूधमा प्रोत्साहन अनुदान कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना!

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०९/२९ गते

सूचना नं:- प.से.शा ५

यस सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुङचुङ, धादिङको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम संचालनका लागि बागमती प्रदेश कृषि तथा पशुपन्छी मन्त्रालयको "स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" बमोजिम दुध संकलन गरी प्रशोधन, विविधिकरण तथा वजारीकरण कार्यमा संलग्न सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति:२०८२/१०/१९ गते) भित्र यस कार्यालयको पशु सेवा शाखामा आवश्यक कागजातहरु संलग्न गरी आवेदन पेस गर्नहुन यो सूचना प्रकाशन गरिएको छ।

<u>न्युनतम मापदण्ड:</u>

- मासिक न्युनतम १५०० लिटर दुध संकलन गर्ने गरेको
- वार्षिक न्युनतम २०० दिनसम्म दुधको कारोवार गरेको

<u>आवश्यक कागजातहरु:</u>

१. कार्यक्रममा आवेदन गर्ने निर्णय सहितको निवेदन
२. सहकारी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्र
४. आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा भएको प्रमाण
५. आ.व. २०८१/०८२ को लेखा परिक्षण (दूध खरिद र विक्री खुल्ने गरी) भएको प्रमाण
६. दूध विक्री गरेको प्रमाण (दूध खरिद गर्ने संस्थाको लेटरप्याडमा)
७. कृषकवाट संस्थागत रुपमा दुध खरिद गरेको प्रमाण
८. अनुसूची-१ वमोजिमको प्रतिवद्धता पत्र

विस्तृत जानकारीको लागि सम्पर्क: ९७६४६२४६११ वा ९८६५५०४२१४

.............................
अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**अनिशा आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**